जननी जन्मभूमिश्च स्वर्गादपि गरीयसी

भागेश्वर गाउपालिका

# स्थानीय राजपत्र

खण्ड १ भागेश्वर, वैसाख ०९ गते, २०७५ साल (संख्या २)

## भाग १

# भागेश्वर गाउँपालिकाको आर्थिक ऐन,२०७४

**भागेश्वर गाउँपालिकाको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको ऐन**

**प्रस्तावनाः** भागेश्वर गाउँपालिकाको आर्थिक वर्ष २०७४/७५ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२८ को उपधारा (२) बमोजिम भागेश्वर गाउँ सभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "आर्थिक ऐन, २०७४" रहेको छ ।

(२) यो ऐन २०७४ साल असोज १ गतेदेखि भागेश्वर गाउँपालिका क्षेत्रमा लागू हुनेछ ।



Scanned by CamScanner

२। **भूमि कर (मालपोत)** गाउँपालिका क्षेत्रभित्र अनुसूचि (१) बमोजिम भूमि कर (मालपोत) लगाइने र असूल उपर गरिनेछ ।

३। **घर वहाल करः** गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूरै आंशिक तवरले वहालमा दिएकोमा अनुसूचि (२) बमोजिम घर जग्गा वहाल कर लगाइने र असूल गरिनेछ ।

४। **व्यवसाय करः** गाउँपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोवारका आधारमा अनुसूचि (३) बमोजिम व्यवसाय कर लगाइने र असूल उपर गरिनेछ ।

५। **सवारी साधन करः** गाउँपालिका क्षेत्रभित्र दर्ता भएका सवारी साधनमा अनुसूचि (४) बमोजिम सवारी साधन कर लगाइने र असुल उपर गरिनेछ । तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

६। **विज्ञापन करः** गाउँपालिका क्षेत्रभित्र हुने विज्ञापनमा अनुसूचि (५) बमोजिम विज्ञापन कर लगाइने र असूल उपर गरिनेछ । तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

७। **सेवा शुल्क तथा सिफारिस दस्तुरः** गाउँपालिकाले निर्माण, संचालन वा व्यवस्थापन गरेका अनूसूचि (६) मा उल्लिखित स्थानीय पूर्वाधार र उपलब्ध गराइएको सेवामा सेवाग्राहीबाट सोही अनुसूचिमा व्यवस्था भए अनुसार शुल्क लगाइने र असूल उपर गरिनेछ ।

८। **कर छुटः** यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनै पनि किसिमको कर छुट दिईने छैन ।

९। **कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधिः** यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधि गाउँपालिकाले तोके अनुसार हुने छ ।



Scanned by CamScanner

अनुसूची १

(दफा २ संग सम्बन्धित)

**भूमि कर (मालपोत)**

अर्को कानून नबनेसम्म यस गाउपालिकामा मालपोतको दर प्रति रोपनी तपसील बमाजिम कायम गरि असूल गर्ने

| जग्गाको प्रकार | अव्बल | दोयम | सिम | चाहार | पाचौ |
|---|---|---|---|---|---|
| खेत | १२ | १० | ८ | ६ | |
| पाखो | ८ | ६ | ४ | ३ | २।५० |

अनुसूची २

(दफा ३ संग सम्बन्धित)

**घर वहाल कर**

आफनो क्षेत्र भित्रको घर, पसल, ग्यारेज, गोदाम, टहरा, सेड, कारखाना जग्गा वा पोखरी पूरै वा आंशिक रूपमा वहालमा दिएमा सम्बन्धित धनीवाट वहाल रकमको ३ प्रतिशत घर वहालकर लिने ।

अनुसूची ३

(दफा ४ संग सम्बन्धित)

**व्यवसाय कर**

व्यवसाय कर निम्न अनुसार लिनेछ ।

| सि.नं | विवरण | श्रेणी वर्गिकरण | | |
|---|---|---|---|---|
| | | क(रू) | ख(रू) | ग(रू) |
| १ | होटेल/लज/रेष्टुरेन्ट<br>कोठा भएको लज तथा खाना भएको होटेललाई (क)<br>• लज मात्र भएको लजलाई (ख)<br>• साधारण खाना,नास्ता, भएकोलाई (ख)<br>• चिया मात्र भएकोलाई (ग) | १००० | ५०० | २०० |
| २ | मासू पसल<br>• सवै प्रकारका मासू मात्र बेच्नेलाई (क)<br>• कूखूराको मासु बेच्नेलाई (ख) | ६०० | ४०० | |
| ५ | सून चांदी गहना पसल<br>• आफनै सून चांदी लिई वनाउने र बेच्नेलाई (क)<br>• अरूको सून चांदी लिई वनाउनेलाई (ख) | १००० | ५०० | |
| ६ | रेडियो/मोवाईल विक्री तथा मर्मत | ३०० | | |
| ७ | संचार सेवा | २५० | | |
| ८ | घडि विक्री तथा मर्मत | ३०० | | |
| ९ | केवल टि.भि.सेवा | १००० | | |
| १० | फोटो स्टूडियो<br>• कलर ल्यावलाई (क) | १००० | ५०० | |



Scanned by CamScanner

| | | | | |
|---|---|---|---|---|
| | • फोटो स्टूडियोलाई (ख) | २०० | | |
| ११ | हजाम | ५०० | २०० | |
| १२ | टेलरिंग<br>• आफै कपडा विक्रि गरि सिलाई गर्ने क<br>• सिलाईको काम मात्र गर्ने ख | | | |
| १३ | जूत्ता पसल<br>• जूत्ता सिलाई र बेच्नेलाई (क)<br>• जूत्ता मर्मत मात्र गर्नेलाई (ख) | ४०० | १५० | |
| १४ | • मोटरसाईकल मर्मत गर्नेलाई | २०० | | |
| १५ | मेटलका फर्निचर बा उद्योग वर्कशप | १००० | | |
| १६ | काष्ठ उद्योग<br>• काठ चिरानी मेशिन सहित काठहरूको विभिन्न फर्निचर र अरू काठहरूको झयालढोका आदी वनाउनेलाई (क)<br>• कूनै एक मात्र वनाउनेलाई (ख) | २००० | १००० | |
| | स्वास्थ्य सेवा<br>• अस्पतालाई (क)<br>• पोली क्लिनीकलाई, थोक मेडिकललाई (ख)<br>• मेडिकललाई (ग) | १००० | ८०० | ५०० |
| १७ | कम्प्युटर ईन्स्टिच्युट | १००० | | |
| १८ | तरकारी र फलफूल पसल | ५०० | | |
| १९ | मिलहरू<br>• १० हर्ज पावर भन्दा माथिको क्षमताको मिललाई (क)<br>• सो भन्दा कम हर्ज पावर क्षमताको मिललाई (ख) | १००० | ५०० | |
| २० | कपडा पसल<br>• रेडिमेड क<br>• अन्य ख | ८०० | ५०० | |
| २९ | ठेकेदारको इजाजतपत्र नविकरण<br>• नेपाल सरकारको ईजाजत प्राप्त क वर्गको ठेकेदारलाई (क)<br>• नेपाल सरकारको ईजाजत प्राप्त ख वर्गको ठेकेदारलाई (ख)<br>• नेपाल सरकारको ईजाजत प्राप्त ग वर्गको ठेकेदारलाई (ग)<br>• नेपाल सरकारको ईजाजत प्राप्त घ वर्गको ठेकेदारलाई | [redacted]<br>१००० | [redacted] | [redacted] |
| ३० | किराना पसल<br>• थोक सहितको किराना पसललाई (क)<br>• खुद्रा किराना पसललाई (ख)<br>• अन्य किराना पसललाई (ग) | १००० | ७०० | ५०० |
| ३१ | भांडा पसल<br>• धातू तथा प्लाष्टिकका भाँडा तथा सामान बेच्नेलाई (क)<br>• स्थानीय काठका भाँडा बेच्नेलाई (ख)<br>• कृषि औजारका सामान बेच्नेलाई (ग) | ७०० | ५०० | २०० |
| ३२ | चूरा धागो तथा श्रृङ्गारका सामान पसल<br>• थोक सहितको पसललाई (क)<br>• खुद्रा पसललाई (ख) | ५०० | ३०० | |



Scanned by CamScanner

| | | | | |
|---|---|---|---|---|
| ३३ | कूखुरा तथा बाखा पालन<br>• बाखा पाल्नेलाई (क)<br>• कूखुरा पाल्नेलाई (ख) | ७०० | ५०० | |
| ३४ | व्यूटि पार्लर | ५०० | | |
| ३५ | हार्डवेयर पसल | १००० | | |
| ३९ | ईलेक्टिक पसल | ७०० | | |
| ४० | कानूनी फर्म | १००० | | |
| ४१ | साईन वोर्ड पेन्टीङ्ग | ५०० | | |
| ४२ | स्टेशनरी पसल<br>• खेलकुदका सामग्री सहित भएकोलाई (क)<br>• स्टेशनरी मात्र भएको लाई (ख) | ७०० | ५०० | |
| ४४ | लेखापरीक्षक | १००० | | |
| ४६ | उर्जा सामान विक्रि गर्ने | ५०० | | |
| ४७ | विज्ञापन सेवा वा एजेन्ट | ५०० | | |
| ४९ | अन्तराष्टिय गैरसरकारी संस्था (शाखा कार्यालय समेत) क<br>राष्टिय गैरसरकारी संस्था (शाखा कार्यालय समेत) ख | ५००० | २५०० | |
| ५१ | वित्तिय सेवा<br>• नेपाल सरकारको पुर्ण स्वामित्व रहेको वाहेक आर्थिक कारोवार गर्ने वाणिज्य बैंक (क)<br>• वित्तिय संस्थाको शाखा कार्यालय (ख)<br>• ऋण तथा बचत सहकारी संस्था (ग) | ५००० | २००० | १००० |
| ५२ | वित्तिय कारोवार वाहेक अन्य कारोवार गर्ने सहकारी संस्था | ५०० | | |
| ५३ | नीजि स्कुल | १००० | | |
| ५४ | सप्लायर्स | १००० | | |
| ५५ | टेलिफोन टावर राखि संचार सेवा उपलव्ध गराउने संस्थालाई | ३००० | | |
| ५६ | माथि उल्लेख भएको वाहेक अन्य व्यवशाय, सेवा आदीहरूमा गाउ कार्यपालिकाको निर्णय गरी सो बमोजिम कर असूली गर्ने । | | | |
| ५७ | कृषि सामग्रीको पसल/भेटेनरी सम्बन्धी पसल | ५०० | | |
| ५८ | कृषि व्यवशाय (वंगूर, माछा, गाई पालन) | ५०० | | |

नोट :

१. यसमा डिलर, एजेन्ट, डिपो, सव डिलर आदी वाहेक अन्य पसल, उद्योग, व्यवशायको हकमा कसैले एउटै पसलमा धेरै आईटम राखि पसल वा व्यवशाय गरेको छ भने सवै आईटम मध्ये कूनै एकको मात्र कर लिने छ तर यस्मा सवै आईटम मध्ये जून आईटमको कर रकम वढी छ सोहीलाई कायम गरी कर असूल गरिनेछ ।

२. म्याद भित्र नवूझाउने कूनै पनि करदाताहरूवाट बूझाउनू पर्ने सम्पुर्ण व्यवशायकर र प्रतिवर्ष १० प्रतिशतका दरले जरिवाना सहित व्यवशायकर असूल गरिनेछ ।



Scanned by CamScanner

## अनुसूची ४

(दफा ५ संग सम्बन्धित)

### सवारी साधन कर

(क) वार्षिक सवारीकर निम्न अनूसार लिने ।

| | |
|---|---|
| बस, टक, तथा अन्य हेभी सवारीमा | रू.५००।०० |
| भाडाको मिनिबस, टैक्टर आदिमा | रू.३००।०० |
| भाडाको जीप, भ्यान पिकअप, आदिमा | रू.१५०।०० |
| भाडाको टेम्पो | रू.५०।०० |
| नीजि जीप,कार,भ्यान आदिमा | रू.१५०।०० |
| मोटरसाईकल / स्कुटर | रू.५०।०० |
| अन्य सवारीमा | रू.२०।०० |

ख) पटके सवारीकर:

यस गाउपालिका भित्रका सडक मर्मत संभार गर्नका लागि सडकको पटके सवारी कर लगाउन सक्ने व्यवस्था समेत भएकोले चालु आ.ब. २०७४/७५ देखि देहाय अनुसार पटके सवारी कर लिने

(१) बस, टक, टैक्टर आदीमा रू.२५।००

(२) अन्य सवारीमा रू.१५।००

(३) सरकारी तथा कुटनैतिक नियोगका सवारी साधनमा उक्त कर लिईने छैन ।

## अनुसूची ५

(दफा ६ संग सम्बन्धित)

### विज्ञापन कर

ठेक्का प्रकृया द्वारा विज्ञापनकर उठाउनको लागि देहाय अनूसार दररेट निर्धारण गरी विज्ञापनकर कर लिने ।

| | | |
|---|---|---|
| (क) | सववोर्ड प्रति वर्गफिट | रू. ४०/०० |
| (ख) | होडिंगवोर्ड प्रति वर्गफिट | रू. ७५/०० |
| (ग) | ग्लोसाईनवोर्ड प्रति वर्गफिट | रू. ९०/०० |
| (घ) | भित्तेलेखन/सटर पेन्टिंग प्रति वर्गफिट | रू. २०/०० |
| (ञ) | ब्यानर प्रति हप्ता | रू. १००/०० |
| (च) | पोलबोर्ड प्रति गोटा प्रति वर्ष | रू. १,०००/०० |
| (छ) | डिजिटल बोर्ड प्रति वर्गफिट | रू. २००/०० |



Scanned by CamScanner

## अनुसूची ६

(दफा ७ संग सम्बन्धित)

**सेवा शुल्क तथा सिफारिस दस्तूर**

गाउपालिकावाट उपलव्ध गराउने सिफारिसहरूको निम्न वमोजिम सिफारिस दस्तूर लिने ।

| सि.नं. | विवरण | शुल्क तथा दस्तूर रू. |
|---|---|---|
| १ | नागरिता सिफारिस | १०० |
| २ | आर्थिक अवस्था सम्वन्धि सिफारिस | १०० |
| ३ | विद्यूत जडान सिफारिस | २०० |
| ४ | व्यवसाय दर्ता सिफारिस | २०० |
| ५ | व्यक्तिगत विवरण सिफारिस | २०० |
| ६ | संस्था दर्ता सिफारिस | ५०० |
| ७ | घर वाटो सिफारिस | ३०० |
| ८ | चारकिल्ला प्रमाणित | ३०० |
| ९ | फरक नाम थर जन्ममिति सिफारिस | १५० |
| १० | अविवाहित प्रमाणित सिफारिस | २०० |
| ११ | जग्गा धनि प्रमाणपत्र हराएको सिफारिस | २०० |
| १२ | पुजामा घर कायम गर्ने सिफारिस | २०० |
| १३ | हकदार प्रमाणित सिफारिस | २५० |
| १४ | नाम थर संसोधन सिफारिस | २०० |
| १५ | छात्रबृत्ति सिफारिस | ५० |
| १६ | अपाङगता सिफारिस | ५० |
| १७ | स्थायी वसोवास प्रमाणित | १०० |
| १८ | जिवित रहेको प्रमाणित | १५० |
| १९ | व्यापार व्यावसाय संचालनमा नरहेका् | ३०० |
| २० | नावालक सम्वन्धि सिफारिस | १०० |
| २१ | नाम सारी र ठाउ सारी सिफारिस | २५० |
| २२ | पुर्व प्रा.वि. खोल्ने अनूमति | १००० |
| २३ | कक्षा थप गर्ने सिफारिस | १५०० |
| २४ | वाटो कायम गर्ने सिफरिस | २०० |
| २५ | अन्य कार्यालयको माग अनूसार विवरण खूलाई पठाउने र रहोवरवरमा वस्नूपर्ने | ५०० |
| २६ | आन्तरिक वसाइ सराई सिफरिस | १०० |
| २७ | दलित प्रमाणित सिफरिस | १०० |
| २८ | आयश्रोत प्रमाणितको सिफारिसमा वार्षिक आयको हिसावले | न्यनतम रू ५०० र वार्षिक हुन आउने मूल्यांकन रकमको ०.१ प्रतिशतका दरले जुन बढी हुन्छ |
| २९ | नाता प्रमाणित (नेपाली) | २५ |
| ३० | नाता प्रमाणित (अंग्रेजी) | २५० |
| ३१ | जन्म विवाह मृत्यु प्रमाणित | १०० |
| ३२ | धारा जडान सिफारिस | २०० |
| ३३ | चल अचल सम्पत्ति मूल्यांकन दस्तुर | न्यूनतम प्रति सिफारिश ५०० । र कायम हुन आएको मुल्यको प्रतिहजार रू १ |



Scanned by CamScanner

| | | |
|---|---|---|
| | | जुन बढी हुन्छ |
| ३४ | घर जग्गा नाम सारी सिफरिस | २०० |
| ३५ | घर कायम सिफारिस | २०० |
| ३६ | विपन्न सिफरिस | २५ |
| ३७ | अस्थायी वसोवास सिफरिस | १०० |
| ३८ | अंगिर्कत नागरिता सिफारिस | ५००० |
| ३९ | जन्म मिति संसोधन सिफारिस | |
| | नाबलकको लागि | २०० |
| | अन्यको लागि | ५०० |
| ४० | जग्गा दर्ता सिफारिस | |
| | संस्थागत | ५०० |
| | व्यक्तिगत | २०० |
| ४१ | निशूल्क उचारका लागि सिफारिस | १०० |
| ४२ | मिलापत्र कागज गराउने (मुद्दाको प्रकृति हेरी) | ५०० देखि १००० सम्म |
| ४३ | काउन्सिलिङ भेरीफिकेशन | प्रति पाना ५० |
| ४४ | छायांकन सिफारिस | १००० |
| ४५ | अंग्रेजीमा प्रमाणित कागजपत्र | प्रति कागज २०० |
| ४६ | भवन निर्माण दस्तुर प्रति वर्गफिट | १० |
| ४७ | योजना माग सिफारिस | २५० |
| ४८ | सम्पन्न सिफारि शुल्क | १. एकलाख सम्मको ५००।-, दुईलाख सम्मको १०००। पाचलाख सम्मका १५००। सो भन्दा माथिको योजनाको रु २०००। योजना सम्पन्न सिफारि शुल्क लिने |
| ४९ | मेला कर | पसलको अवस्था हेरी रु ५० देखि ५०० सम्म |
| ५० | संकलन तथा गोमाम शूल्क | १००० |
| ५१ | प्राकृतिक श्रोत उपयोग | |
| क | मूल दर्ता सिफारिस खानेपानी | ५०० |
| ख | मूल दर्ता सिफारिस सिचाई | १००० |
| ग | अन्य मूल दर्ता सिफारिस गर्दा कार्यपालिकाको निर्णय गराई | १०००० |
| घ | सालकाठ निकासी शूल्क प्रति क्यूफिट | २५ प्रति घ.फिट |
| ङ | सल्ला काठ निकासी शूल्क प्रति क्यूफिट | १५ प्रति घ.फिट |
| च | साल र सल्ला बाहेक अन्य काठ निकासी शूल्क प्रति क्यूफिट | १० प्रति घ.फिट |
| छ | आबादीमा रहेका खयर ओखर जस्ता काठ | २ प्रति केजी |
| ज | खोटो निकासी शूल्क प्रति केजी | १ प्रति केजी |
| झ | जडवूडी निकासी शूल्क पैति केजी | १ देखि १० प्रति केजी |
| ञ | स्लेट निकासी | घरायसी भए कर नलाग्ने बाहिर निकासीमा प्रति टिप ५०० |
| ट | गिट्टी ढुंगा वालुवा | गाउ पालिका भित्रका लागि २५० र निकासीका लागि प्रति टिप ३५० देखि ५०० |

अजयमेरु गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय ...कोट, डडेल्धुरा ७ नं प्रदेश, नेपाल



Scanned by CamScanner

| | | |
|---|---|---|
| ठ | रूख काट्नको लागि सिफारिस | १५०।०० |
| ५२ | महाकालीमा माछामार्ने कार्य | ५००० |
| ५३ | कार्यक्रम संचालन अनुमति सिफारिस | स्थानीयलाई ५०० गा.पा. बाहिरकालाई २००० |
| ५४ | जग्गा/मोही नामसारी/जग्गा दर्ता/गुठी/रैकर आदि | १००।०० |
| ५५ | जग्गा खरिद बिक्रीमा घर, बाटो प्रमाणित | २००।०० |
| ५६ | कालोपत्रे मोटरबाटो भएको जग्गाको सिफारिसमा | ३००।०० |
| ५७ | निवेदन दस्तूर | रू १० लिने |
| ५८ | घरकर बार्षिक | भुईतले कच्ची फुसको घरको: नलाग्ने |
| | | भुईतले पक्की घरको: रु १० |
| | | भुईतले बाहेको पक्की घरको: रु |
| | | RCC छाना भएको: ६० |
| | | स्लेट तथा जस्तापाताले छाएको: ४० |
| | | खरले छाएको: २५ |
| ५९ | घर निर्माण नक्सापास दस्तूर: प्रति बर्ग फिटको | क) निवेदन फाराम रु.१०० लिने<br>ख) ढलान गरी निर्माण गरिने घरको रु. २, ढलाननगरी निर्माण गरिने घरको रु. १, माटोकोजडान गरि घरनिर्माण गरिने घरको रु.०।५० प्रति वर्ग फिट<br>ग) नक्सा नामसारी तथा नविकरण प्रत्येक पटकको रु.५००<br>३) साविक घरमा परिवर्तन नहुने गरी मर्मत गर्नु परेमा रु. १००<br>ङ) नक्सापास सम्बन्धी नक्सापास प्रमाणपत्रको रु. २००<br>पास भएको नक्साको रु. ३०० दस्तूर लिई प्रतिलिपी दिने। |
| ६० | भाडा | यस गाउपालिकामा रहेको हल तथा प्रोजेक्टर प्रयोग गरे वापत प्रति दिन रु. १००० देखि १५०० भाडा लिई उपलब्ध गराउने |
| ६१ | कर, दस्तुर, महशुल आदी वुझाएको भनी लिएको प्रमाणपत्रहरु आदि हराएमा अर्को प्रतिलिपी | ५०।०० |

नोट : १) यो ऐनमा व्यवस्था नभएका अन्य सिफारिसको हकमा यस ऐन सग नबाझिने गरि गाउ कार्यपालिकाले निर्णय गरेबमोजिम हूनेछ।

आज्ञाले
खगेन्द्र भारती
प्रमुख प्रशासकीय अधिकृत



Scanned by CamScanner